# सीप विकास तथा स्वरोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७

स्वीकृत मिति : २०७७।१०।१८

## स्थानिय राजपत्र

खप्तड छेडेदह गाँउपालिका

डोगडी, बाजुरा

# खप्तड छेडेदह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## डोगडी, बाजुरा

# सीप विकास तथा स्वरोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७

**प्रस्तावना :** नमुना खप्तड छेडेदह गाउँपालिका निर्माणको आधार स्तम्भको रुपमा रहेका युवा वर्गलाई आधुनिक सीप र प्रविधियुक्त गराई युवा सहभागिता, परिचालन र नेतृत्व विकासको माध्यमबाट गाउँपालिकालाई सामाजिक र आर्थिक परिवर्तनका लागि अनुकूल वातावरण निर्माण गर्ने उद्देश्यले युवाहरुको मर्म र भावनालाई आत्मसात गर्दै युवाको सीप विकासको माध्यमबाट उनिहरुलाई उद्यमी, स्वस्वरोजगार उन्मुख र आत्मनिर्भर बनाउन, युवाहरुमा कामप्रति सकारात्मक सोचको विकास गराउने र उद्यमशिलतालाई प्रवर्द्धन गर्नका लागि गाउँपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१. यो निर्देशिकाको नाम :- “सीप विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७” रहेको छ ।

२. यो निर्देशिका खप्तड छेडेदह गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :- “सीप विकास तथा स्वरोजगार कार्यक्रम” भन्नाले युवाकै सर्वाङ्गीण विकासका लागि आवशयक समय सापेक्ष योग्यता, सीप तथा कार्यकुशलताका साथ युवा उद्यम तथा व्यवसाय र युवा परिचालन एवं रचनात्मक कार्यका लागि आवश्यक सीप प्रदान गर्ने, तालिम वा प्रशिक्षण सम्झनुपर्छ ।

क. “गाउँ कार्यपालिका” भन्नाले खप्तड छेडेदह गाउँपालिका सम्झनुपर्छ ।

ख. “ऐन” भन्नाले स्थानीय तहको ऐन सम्झनु पर्छ ।

ग. “समिति” भन्नाले गाउँ कार्यपालिका र समन्वय समिति सम्झनुपर्छ ।

घ. “युवा” भन्नाले १८ देखि ४५ वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ ।

ङ. “प्राथमिकता समूहका यूवा” भन्नाले महिला, जनजाति, मधेशी, दलित, गरिब तथा पिछडिएको क्षेत्रका युवालाई सम्झनुपर्छ ।

च. “विशेष प्राथमिकतको समूहको युवा” भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक युवालाई सम्झनुपर्छ ।

छ. “जोखिममा रहेका युवा” भन्नाले एच.आई.भी./एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपदमा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक स्वरोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

ज. "अपाङ्गता भएको युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता, दृष्टिविहिन, वहिरा आदि भएका युवालाई सम्झनु पर्छ ।
झ. "सीमान्तकृत" भन्नाले राजैनितिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट बञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्युन स्थितिमा रहेका अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतका १८-४५ वर्षका युवालाई सम्झनुपर्छ ।
ञ. "अल्पसंखयक समुदायका युवा" भन्नाले भौगोलिक विकटता, जातिय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट बञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनुपर्छ ।
ट. "उद्यम" भन्नाले जीविकोपार्जन वा आय आर्जनका लागि गरिने आर्थिक कृयाकलाप वा व्यवसाय वा उद्योगलाई सम्झनु पर्दछ ।
ठ. "समुह" भन्नाले उद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि निर्माण भएको युवाको संगठित संस्था वा समुह सम्झनुपर्छ ।
ड. "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।
ढ. "बेरोजगार युवा" भन्नाले आयआर्जन हुने कुनै पनि पेशा वा व्यवसायमा नियमित रुपमा संलग्न नरेको तथा कुनै काममा नियमित रुपमा संलग्न नभएको १८ बर्ष देखि ४५ वर्ष उमेर समूहका व्यक्ति सम्झनुपर्छ ।
ण. "संघ संस्था" भन्नाले प्रचलित संघिय कानुन बमोजिम स्थापना भई युवा विकास तथा उद्यमशिलताको क्षेत्रमा कार्यरत वा आवद्ध गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।
त. "अध्यक्ष" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।
थ. "उपाध्यक्ष" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।
द. "लक्षित समूह" भन्नाले १८-४५ वर्ष उमेर समूहका नेपाली नागरिक, सिमान्तकृत, अपाङ्ग, जोखिममा रहेका युवा, विशेष प्राथमिकताको समूहको युवालाई सम्झनुपर्छ ।

## परिच्छेद – २

### सीप विकास तथा स्वरोजगार कार्यक्रम समन्वय समिति :-

**१.** सीप विकास तथा स्वरोजगार कार्यक्रम सम्बन्धी नीति तर्जुमा, समन्वय, अनुगमन तथा निर्देशन दिनका लागि गाउँपालिकामा देहाय बमोजिमको समन्वय समिति रहनेछ :

क. गाउँपालिकाको अध्यक्ष – अध्यक्ष
ख. प्रमुख प्रशासकिय अधिकृत – सदस्य
ग. शिक्षा शाखा प्रमुख – सदस्य
घ. भौतिक पुर्वाधार तथा प्राविधिक प्रमुख – सदस्य
ङ. गाउँकार्यपालिका सदस्यहरु मध्ये कम्तिमा १ महिला पर्ने गरी २ जना – सदस्य
च. रोजगार संयोजक – सदस्य-सचिव

**२. यस निर्देशिका बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**
क. युवा सीप तथा नेतृत्व विकास तालिम सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्ने ।
ख. व्यवसायिक तालिम प्रदायक संस्थाहरु बीच समन्वय र सहकार्यका लागि वातावरण निर्माण गर्ने ।
ग. व्यवसायिक तालिम तथा प्रशिक्षणको पाठ्यक्रम छनौट गर्ने ।
घ. स्थानीय तहमा प्रदान गरिने सीपमूलक तथा व्यवसायिक तालिमको अनुगमन, सुपरीवेक्षण तथा सरोकारवालाहरुलाई निर्देशन दिने ।
**३.** समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद – ३
## सीप विकास तथा स्वरोजगार कार्यक्रमको क्षेत्र र छनौटका आधार

**१.** तालिमको विषय तथा क्षेत्र :- समन्वय समितिले विभिन्न विषय तथा क्षेत्रहरुमा युवाहरुको सीप अभिवृद्धि गर्नका लागि मागमा आधारित भई तालिम तथा प्रशिक्षणका क्षेत्रहरु निर्धारण गर्नेछ ।
**२.** तालिम कार्यक्रमका लागि गाउँकार्यपालिकाले कम्तिमा १५ दिनको सूचना दिई युवाहरुबाट तालिमको प्रस्ताव आह्वान गर्नेछ । सो सूचना बमोजिम युवाहरुले यस निर्देशिका बमोजिम अनुसुची १ को ढाँचामा गाउँकार्यपालिका तथा वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।
**३.** यस निर्देशिका अनुसारका विषय तथा क्षेत्रहरुको परिधिभित्र रही समन्वय समिति मार्फत प्राप्त युवाका मागमा आधारित देहाय बमोजिमका तालिम तथा प्रशिक्षण सञ्चालन हुनेछन् ।

क. सीप विकास तथा उद्यमसँग सम्बद्ध व्यवसायलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने युवाबाट माग भईआएका व्यवसायीलाई सहयोग हुने तथा सुदृढीकरण गर्ने खालका प्रशिक्षणहरु गर्ने ।
ख. न्युन तथा मध्यम स्तरका जनशक्ति उत्पादन गर्ने खालका सीपजन्य तालिमहरुः सिकर्मी, डकर्मी, कम्प्युटर, इलेक्ट्रिसियन, प्लम्बर, सिलाई बुनाई, ब्युटिसियन, घरेलु हस्तकला वा काष्टकला, स्टिल फिक्सर, वेल्डिङ्ग, पेन्टिङ्ग, मोबाइल मर्मत, कडाइ (बुटिक) तथा अन्य तालिम ।
ग. पशुपालन व्यवसाय सम्बन्धी तालिमः- खरायो पालन, कुखुरा पालन, बाख्रापालन, गाई भैंसी पालन, बंगुरपालन, अष्ट्रिज पालन आदि ।
घ. कृषिजन्य व्यवसाय सम्बन्धी तालिम :- वेमौसमी तथा उन्नत तरकारी खेती, च्याउ खेती, फलफूल खेती, माछापालन, मौरी पालन, जडिबुटी प्रशोधन ।
ङ. पर्यटन व्यवसायसँग सम्बन्धित तालिमहरु :- होटल मेनेजमेन्ट, होमस्टे, कुक, रिसोर्ट सञ्चालन, ट्रेकिङ गाईड, मोटेल तथा शाहसिक खेल आदि ।
च. परम्परागत पेशा तथा व्यवसाय, ड्राइभिङ्ग, लाइफगार्ड, हस्तकला, काष्टकला लगायतका पेशाहरु, अन्य ।
छ. युवाको मागका आधारमा सीप विकासका तालिमहरु ।
ज. समन्वय समितिको आवश्यकता महशुस गरी छनौट गरिने अन्य तालिमहरु ।

४. तालिमको विषयवस्तु छनौट गर्दा स्थानीय स्रोत र साधनलाई अधिकतम् उपयोग गर्दै तत्काल स्वस्वरोजगार हुन सक्ने खालका सीपको तालिमलाई प्राथमिकता दिईनेछ ।

**५. सहभागी छनौटका आधारहरु :**

१. यस निर्देशिकामा उल्लेखित प्रशिक्षणका क्षेत्रहरु मध्ये कुनै क्षेत्रमा व्यवसायिक तालिम लिन इच्छुक व्यक्तिगत, समूहगत वा संस्थाागत रुपमा निवेदन प्राप्त १८ देखि ४५ वर्ष उमेर समूहका युवाहरुको नाम विषयगत रुपमा अलग-अलग तयारी गरी माग र आवश्यकता एवं सम्भावनाका आधारमा समन्वय समितिले विषयगत रुपमा छनोट गर्नेछ ।

२. यस निर्देशिका बमोजिम व्यवसायिक तालिम लिन इच्छुक, न्यूनतम् आधारभूत तहको योग्यता हासिल गरेका युवाहरु मध्येबाट समन्वय समितिले सहभागीको छनौट गर्नेछ र छनौट भएका युवाको नामावली स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पठाउनेछ ।

**३.** प्रशिक्षार्थी छनौट गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नुपर्नेछ । यसमा प्राथमिकता प्राप्त र विशेष प्राथमिकता प्राप्त वर्गका लागि प्राथमिकता दिइनेछ ।

४. वडा कार्यालयले अनुसुचि १ बमोजिमको  सीप विकास तथा स्वरोजगार कार्यक्रमका लागि दिइने निवेदन उपर प्रारम्भिक छानविन गरी वडा अध्यक्षको सिफारिस सहितको सुचि गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

५. बुदा न. ४ अनुसार प्राप्त भएका सीप विकास तथा स्वरोजगार कार्यक्रमका लागि दिइने निवेदन सहितको सुचि रोजगार संयोजकले संकलन गरी सबै वडाको एकै पटक वा आवश्यक्ता अनुसार पटक पटक गरी प्रमुख प्रशासकिय अधिकृत मार्फत समन्वय समितिको को बैठकमा पेश गर्नु पर्नेछ ।

६. समन्वय समितिले सो उपर छलफल गरी आवश्यक परे परिमार्जन सहित तथा समन्वय समितिको सिफारिसमा तालिम सम्बन्धी विषयको अन्तिम स्वीकृति गाउँकार्यपालिका लाई स्वीकृतका लागि सिफारिस गर्नु पर्नेछ ।

५. प्रशिक्षार्थी छनौट गर्दा पारिवारीक आर्थिक अवस्थालाई मुल्याकंन गरिनेछ ।

६. निवेदकहरु मध्ये वडा कार्यालयबाट सिफारिस भईआएका निवेदकहरुलाई अनुसुची २ बमोजिमको अर्न्तर्वाता ढाँचाका आधारमा छनौट गरिनेछ ।

# परिच्छेद – ४

## व्यवसायिक तालिमको पाठयक्रम, समयावधि र सीप परीक्षण :

**६. तालिमको पाठयक्रम :**

**१.** कुनै व्यवसायिक तालिमका लागि छनौट भएका युवाहरुले व्यवसीयक सीप विकासका सम्बन्धमा गाउँ कार्यपालिका र सीप विकास तथा स्वरोजगार कार्यक्रमले निर्धारण गरे बमोजिम मागका आधारमा विषयगत पाठ्यक्रम निर्धारण गरी सोही बमोजिम प्रशिक्षण सञ्चालन गरिनेछ ।

**२. प्रशिक्षणको समयावधि :-** तालिमको समयावधि सम्बन्धित तालिमको पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ ।

**३. तालिमको सीप परीक्षण :** तालिम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीमा विकास भएको व्यवसायिक सीपको परीक्षण सीप सीप विकास तथा स्वरोजगार कार्यक्रमले तोके बमोजिमको प्रक्रियाबाट हुनेछ । सीप परीक्षणबाट उत्तिर्ण प्रशिक्षार्थीहरुलाई तोकिए बमोजिम प्रमाण-पत्र उपलब्ध गराईनेछ ।

४. व्यवसायिक सीपको तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरुलाई स्वस्वरोजगारका लागि गाउँ कार्यपालिकाको आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५. तालिमको पाठ्यक्रम, तालिम सञ्चालनमा प्राविधिक सहयोग, अनुगमन तथा निरिक्षणका लागि सो कार्यक्रम सञ्चालन गर्न गैरसरकारी निकाय तथा संघसंस्थाहरुसँग कार्यक्रमको पाठयक्रम र प्रस्तावना माग गरि समन्वय समितिले समन्वय, सहकार्य तथा द्विपक्षीय समभ्रूदारी वा सम्भ्रौता गर्न सक्नेछ ।

## परिच्छेद – ५
## सुपरिक्षवेक्षण तथा अनुगमनः

**७. सुपरिवेक्षण तथा अनुगमन समिति :**

१. युवाहरुको व्यवसायिक सीप तथा सीप विकास सम्बन्धी प्रशिक्षण कार्यक्रमको स्थलगत अनुगमन, सुपरीवेक्षण तथा आवश्यक पृष्ठपोषण समेत दिनका लागि देहाय सीप विकास तथा स्वरोजगार कार्यक्रम समन्वय समितिले आवश्यक काम गर्नेछ । साथै आवश्यक्ताका आधारमा शाखा र अन्य व्यक्तिहरुलाई समेत संलग्न गराउन सक्नेछ ।

**२. सुपरिवेक्षण तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार :**

क. तोकिए बमोजिम तालिम कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा निरीक्षण तथा सुपरिवेक्षण गर्ने

ख. प्रशिक्षण सञ्चालनमा देखिएका समस्यालाई समाधान गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने र सुधारका लागि आवश्यक निर्देशन दिने ।

ग. अनुगमनका क्रममा भए गरेका क्रियाकलाप तथा तालिम सञ्चालनमा देखिएका राम्रा र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई राय, सुभ्राव सहितको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

घ. प्रशिक्षण सञ्चालनमा देखिएका समस्यालाई समाधान गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने र सुधारका लागि आवश्यक निर्देशन दिने ।

ङ. तालिममा कुनै काबु वाहिरको परिस्थिति सृजना भइ तालिम बन्द गर्नुपर्ने वा समयावधिमा फेरबदल गर्नु पर्ने भएमा सोको मनासिव कारण र समाधानको लागि राय सुभ्राव सहितको प्रतिवेदन गाउँ कार्यपालिकामा पठाउने ।

च. सम्पन्न कामहरुको विवरण तोकिएको ढाँचामा तयार गरी अभिलेख राख्ने र सोको एकप्रति गाउँपालिका कार्यालयमा पठाउने ।

छ. तोकिएको समय र प्रक्रिया बमोजिम प्रशिक्षण सञ्चालन नगरेमा वा सम्भ्रौता बमोजिमको कार्य नभएको पाइएमा तालिम बन्द वा खारेजी वा थप कारवाहीको लागि गाउँ कार्यपालिकामा लेखी पठाउने ।

ज. तालिमको अन्तमा, सम्पन्न क्रियाकलाप तथा तालिम सञ्चालनमा देखिएका राम्रा र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई राय सुभ्राव सहितको अन्तिम प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने ।

# परिच्छेद – ६
## विविध :

**८. सहयोग गर्नुपर्ने :-** यस निर्देशिका सीप विकास तथा स्वरोजगार कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

**९. निर्देशनको पालना :-** गाउँ कार्यपालिका र समन्वय समितिको निर्देशन पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

**१०. निर्देशिका संसोधन गर्न सक्ने :-** गाउँकार्यपालिकाले यस कार्यक्रमलाई समयानुकुल बनाउन वा आइपरेका समस्याको समाधन गर्नका लागि आवश्यकतानुसार यस निर्देशिका संसोधन गर्न सक्नेछ ।

**११. बाधा अड्काउन फुकाउन अधिकार :-** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउन फुकाउन सक्नेछ ।

## अनुसूची - १
# सीप विकास तथा स्वरोजगार कार्यक्रमका लागि दिइने निवेदनको ढाँचा

श्री खप्तड छेडेदह गाउँपालिकाको कार्यालय
डोगडी, बाजुरा

विषय :- व्यवसायिक सीप विकास तालिममा सहभागी हुन पाऊँ भन्ने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा म/हामी सीप तथा स्वरोजगार कार्यक्रम सञ्चालन हुने व्यवसायिक सीप विकास/नेतृत्व विकास तालिम लिन इच्छुक भएकोले देहायको विषयमा प्रशिक्षणको व्यवस्था मिलाई दिन हुन अनुरोध छ । तोकेको शर्त र तालिमका नीति नियम र प्रक्रियाहरु पालना गर्न मञ्जुर छु भनी आफुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र तथा नेपाली नागरिकताको प्रमाण-पत्र यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

**निवेदकको विवरण :**

१. निवेदकको नाम, थर (नेपाली) : ........................................................अङ्ग्रेजी....................................
२. बुवाको नाम:.................................................३.आमाको नाम.........................................................
४. बाजेको नाम.................................................५.पति/पत्निको नाम..................................................
६. ठेगाना : वडां................गाउँ/टोल:.................................................
७.नागरिकता नं. : ..........................................................सम्पर्क फोन नं.: ..................................................
८. शैक्षिक योग्यता : .................................................................
९. तालिम लिन चाहेको विषय/क्षेत्र :
१. ....................................... २. ..............................
३. .................................... ४. ............................
१०. पारिवारिक रोजगारीको अवस्था:
११. परिवार संख्या:
१२ परिवारको वार्षिक आम्दानी रु.

निवेदकको दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदन दिएको मिति :

वडा कार्यालयले भर्ने

| **वडा नं.** | **दर्ता नं.** | **दर्ता मिति:** |
|---|---|---|

**दस्तखत:**
**नाम:**
**पद: वडा अध्यक्ष**
**मिति:**

नोट: तालिम पश्चात आफ्नै लगानिमा व्यावसाय गर्नु पर्नेछ ।

**अनुसूची - २**

**सीप विकास तथा स्वरोजगार कार्यक्रमका लागि प्रशिक्षार्थी छनौट मुल्यांकन फारम**

**(अन्तरवार्ता प्रयोजनको लागि)**

तालिमको विषयः
आवश्यक संख्याः
मितिः

| क.स | आवेदकको नाम थर | ठेगाना | पारिवारिक आयस्तर (१०) | व्याबसायिक व्यक्तित्व (२०) | व्याबसायिक सीप उपयोगिता (२०) | प्रतिवद्धतास्तर ( २०) | उधमशीलता लक्षण (२०) | लक्षित समुह पहिचान (१०) | कुल प्राप्तांक |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

पारिवारिक वार्षिक आम्दानी वाफको प्राप्तांक

| वार्षिक आम्दानी हजारमा | प्राप्तांक |
|---|---|
| **१०-२०** | १० |
| २१-३० | ८ |
| ३१-४० | ७ |
| ४१-५० | ६ |
| ५१-६० | ५ |
| ६१-७० | ४ |
| ७० भन्दा माथि | ३ |

अन्तरवार्ता लिनेको नामः
दस्तख्तः
मितिः

तालिमका विषयहरु
मोबाइल मर्मत तालिम प्रतिव्यक्ति रु. १०,०००
कम्प्युटर तालिम प्रतिव्यक्ति रु. १,५००
पर्यटन व्यवसायसँग सम्बन्धित तालिमहरु :- होटल मेनेजमेन्ट, होमस्टे, कुक, रिसोर्ट सञ्चालन प्रतिव्यक्ति रु.
कृषि तालिम (वेमौसमी तथा उन्नत तरकारी खेती, च्याउ खेती, फलफूल खेती, माछापालन, पशुपालन व्यवसाय सम्बन्धी तालिमः- खरायो पालन, कुखुरा पालन, बाखापालन, गाई भैंसी पालन, बंगुरपालन, अष्ट्रिज पालन आदि
सिलाई कटाई तालिम प्रतिव्यक्ति रु.
परम्परागत पेशा तथा व्यवसाय, ड्राइभिङ्ग, हस्तकला, काष्टकलाप्रतिव्यक्ति रु.
युवाबाट माग गरिएका व्यवसायलाई सहयोगी हुने तथा सुदृढीकरण गर्ने खालका प्रशिक्षणहरु गर्ने ।

**बजेट**
मोबाइल मर्मत तालिमः
कम्प्युटर तालिमः
पर्यटन व्यवसायः
कृषि तालिमः
पशुपालन व्यवसायः
सिलाई कटाई तालिमः